केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३३/०६६/६७ मिति : २०६६/१२/२४

**इजाजतपत्रप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

विषयः- पुनरकर्जा सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० बमोजिम देहायको शर्त तथा मापदण्डको अधिनमा रही पुनरकर्जा सुविधा (Refinancing Facilities) उपलव्ध गराउने सम्बन्धमा देहाय बमोजिमको नीतिगत तथा प्रकृयागत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

शर्त तथा मापदण्डहरु :

(१) पुनरकर्जा सुविधा बैंक तथा वित्तीय संस्थाको प्राथमिक पूँजीको बढीमा ४० प्रतिशतसम्म मात्र प्रदान गरिने छ ।

(२) पुनरकर्जा सुविधा प्राप्त गर्नका लागि बैंक तथा वित्तीय संस्थाले आफ्नो वित्तीय स्थिति खुलाई यस बैंकले तोकिदिएको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(३) पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाले असल कर्जाको सुरक्षणमा पुनरकर्जा लिने भएमा विगत एक वर्षदेखि लगातार रुपमा असल वर्गमा वर्गीकृत भएको कर्जाको भुक्तानी अवधि भन्दा कम अवधिको लागि अनुसूची १ बमोजिमको विवरण भरी उपलब्ध गराउनु पर्नेछ ।

(४) पुनरकर्जा सुविधा असल कर्जाको धितोमा बढीमा ८० प्रतिशतसम्म प्रदान गरिने छ । सुरक्षणस्वरुप दिइएको धितो सुरक्षणमा यस बैंकको पहिलो दावी (First Charge) रहनेछ ।

(५) पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा अनुपात ५ प्रतिशत भन्दा कम हुनुपर्ने छ ।

(६) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई प्रदान गरिने पुनरकर्जा सुविधा बढीमा ६ महिनाको लागि बार्षिक ७.५ प्रतिशत ब्याजदरमा उपलब्ध हुने र पुनरकर्जा बापतको व्याजदर कर्जाको साँवा भुक्तानी गर्दाको बखत एकमुष्ट रुपमा साँवा व्याज भुक्तान गर्नुपर्ने छ । तोकिएको अवधिभित्र पुनरकर्जाको सावाँ/व्याज भुक्तानी नगरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम व्याजदर नै पेनाल व्याजदर कायम गरिनेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको कुनै पनि खाता खर्च (Debit) गरी रकम असुल उपर गर्नेछ ।

(७) पुनरकर्जा माग गर्दा सम्बन्धित बैंकले कर्जामा लिएको व्याजदर यस बैंकले तोकेको व्याजदरमा अधिकतम ३ प्रतिशतसम्म मात्र थप व्याज कायम गर्नु पर्नेछ ।

(८) पुनरकर्जा सुविधा उपयोग गर्न यस बैंकले तोकेको पुँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio) को अतिरिक्त थप ०.५ प्रतिशत अतिरिक्त पुँजी पर्याप्तता अनुपात कायम गरेको हुनुपर्ने छ ।

(९) स्वदेशी निक्षेप तथा प्राथमिक पुँजीमा कूल कर्जा तथा सापटको अंश ८० प्रतिशतभन्दा बढी भएका बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा उपयोग गर्दाको समयमा कायम रहेको कर्जा निक्षेप अनुपात बढ्न नदिई देहाय बमोजिमको कर्जा निक्षेप अनुपात कायम गर्नुपर्ने छ ।

| क्र.सं. | कर्जा निक्षेप अनुपातको अंश | पुनरकर्जा भुक्तानी गर्दा कायम गर्नुपर्ने कर्जा निक्षेप अनुपात |
|---|---|---|
| १. | ८० देखि ८५ प्रतिशत सम्मको हकमा | पुनरकर्जा उपयोग गर्दाको समयमा कायम रहेको अनुपातमा कम्तिमा २ प्रतिशत विन्दुले घटाउनुपर्ने वा ८० प्रतिशतमा झार्नुपर्ने छ । |
| २. | ८५ देखि ९० प्रतिशत सम्मको हकमा | पुनरकर्जा उपयोग गर्दाको समयमा कायम रहेको अनुपातमा कम्तिमा ३ प्रतिशत विन्दुले घटाउनुपर्ने वा ८५ प्रतिशतमा झार्नुपर्ने छ । |
| ३. | ९० प्रतिशत भन्दा माथिको हकमा | पुनरकर्जा उपयोग गर्दाको समयमा कायम रहेको अनुपातमा कम्तिमा ५ प्रतिशत विन्दुले घटाउनुपर्ने वा यस बैंकबाट जारी परिपत्रानुसार गर्नुपर्ने छ । |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१०) पुनरकर्जा सुविधा उपयोग गर्न आवेदन गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको कर्जा सापटी मध्ये रियल स्टेट क्षेत्रमा प्रवाहित कर्जा यस बैंकले तोकेको सीमाभित्र रहेको हुनुपर्ने छ ।

(११) यस बैंकबाट प्रदान हुने पुनरकर्जा सुविधा निम्न लिखित प्रयोजनका लागि सोही क्षेत्र वा प्रयोजनको असल कर्जा धितो राखेर मात्र प्रवाह गर्नु पर्नेछ ।

(क) निर्यात क्षेत्र
(ख) साना तथा मझौला उद्योग
(ग) औषधि उत्पादन उद्योग
(घ) कृषि क्षेत्र
(ङ) पर्यटन उद्योग
(च) सिमेन्ट, फलाम उद्योग
(छ) अन्य उत्पादनमूलक उद्योग
(ज) विद्युत उत्पादन परियोजना तथा विद्युत प्रशारण लाइन, केवलकार

यस्तो पुनरकर्जा सुविधा निम्न लिखित प्रयोजनमा उपयोग गर्न पाइने छैन ।

(क) प्रयोजन नखुल्ने व्यक्तिगत कर्जा
(ख) घरजग्गा खरिद/रियल स्टेट/व्यापारिक महल निर्माण (Commercial Complex) कर्जा
(ग) सवारी साधन कर्जा (Hire-purchase financing/Auto Loan)
(घ) शेयर धितो कर्जा (Margin type Lending)
(ङ) चुरोट, विंडी, सिगर, सुर्ति, खैनी लगायत सुर्तिजन्य उद्योग र मदिरा तथा मदिराजन्य उद्योगलाई कर्जा ।

(१२) पुनरकर्जा सुविधा उपयोग गर्ने सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णयको प्रतिलिपी निवेदनसाथ संलग्न गरी यस बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

(१३) नेपाल राष्ट्र बैंक र पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा सुविधा सम्बन्धमा तमसुक (Promissory Notes) मा हस्ताक्षर गर्नुपर्ने छ ।

(१४) पुनरकर्जा सुविधामा तोकिएको भुक्तानी अवधि अघि नै पूर्व-भुक्तानी (Prepayment) गर्न सकिने छ ।

(१५) कुनैपनि बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरधनीहरुले कूल शेयर स्वामित्वको २० प्रतिशतभन्दा बढी कर्जा उपयोग गरेको भएमा पुनरकर्जा लिन योग्य मानिने छैन ।

(१६) बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा दिने र कर्जामा लिने व्याजदरका बीचको फरक (spread) यस बैंकबाट नियमित अनुगमन गरिने छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूलाई पुनरकर्जा सुविधा प्रदान गर्दा निक्षेप तथा कर्जाको व्याज दर बीचको अन्तर (effective interest spread) लाई पनि आधारको रुपमा लिइनेछ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।